# विप्रेषण व्यवसायी र विदेशी मुद्रा सटही सम्बन्धी कारोबार गर्ने संस्थाहरुसंग AML/ CFT र goAML System सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न

वित्तीय जानकारी इकाईको आयोजनामा मिति २०८० फागुन ९ गतेका दिन सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण र goAML Reporting सम्बन्धमा विप्रेषण कम्पनी तथा  मनिचेन्जरहरुसंग अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । सो अन्तरक्रिया कार्यक्रममा नियामकीय तथा सुपरिवेक्षकीय निकायहरु नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग तथा गैर–बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग, विदेशी मुद्रा व्यवसायी संघ नेपाल, नेपाल मुद्रा विप्रेषण संघ लगायतका व्यवसायी/संस्थाहरुबाट गरी करीब ६० जना पदाधिकारी/प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।




कार्यक्रममा इकाई प्रमुख दीर्घ बहादुर रावलले वित्तीय जानकारी इकाईले सूचक संस्थाहरु र अनुसन्धानकारी निकायहरुबीच सेतुको रुपमा रहेर सूचक संस्थाहरुले पठाएका विवरण/प्रतिवेदनहरु विश्लेषण गरी अनुसन्धानकारी निकायमा पठाउने गरेको उल्लेख गर्दै goAML System मार्फत प्राप्त हुने प्रतिवेदनहरु गोप्य एवं सुरक्षित हुने हुँदा ढुक्क भएर सीमा कारोबार, शंकास्पद कारोवार तथा शंकास्पद गतिविधि विवरणहरु वित्तीय जानकारी इकाईमा पठाउन आग्रह गर्नु भयो ।

कार्यक्रमका अतिथि नेपाल मुद्रा विप्रेषक संघका सभापति चन्द्र टण्डनले नेपाल मुद्रा विप्रेषण संघले व्यवसायीहरुलाई कानुन कार्यान्वयनमा सहजीकरण गर्ने जनाउदै हाल Nepal Banker Association ले अध्यावधिक गर्दै आएको PEPs सम्बन्धी विवरण विप्रेषण सम्बन्धी व्यवसाय गर्ने कम्पनीहरुले समेत प्रयोगमा ल्याउने व्यवस्था मिलाउन लागिएको जानकारी दिनुभयो । कार्यक्रमका अर्का अतिथि विदेशी मुद्रा व्यवसायी संघ नेपालका महासचिव शंकर प्रसाद ओलीले मनिचेञ्जर व्यावसायीहरुलाई सम्पत्ति शुद्धीकरण के हो र कसरी सम्पत्ति शुद्धीकरण हुन्छ भन्ने कुराको जानकारी बढी भन्दा बढी हुनु आवश्यक रहेको बताउनुभयो ।

कार्यक्रममा इकाईका उप-निर्देशक विष्णु प्रसाद गुरागाईले सहभागीहरुलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नुभएको थियो। कार्यक्रममा इकाईका उप-निर्देशक केशव प्रसाद रिमालले 'FIU and goAML Reporting' शीर्षकमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभागका उप-निर्देशक मणि राज श्रेष्ठले






'सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणमा विप्रेषणको कार्य गर्ने विप्रेषण कम्पनी लगायतका संस्थाहरुको भूमिका' शीर्षकमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। साथै उक्त कार्यक्रममा इकाईका सहायक (सू.प्र) दीपक पराजुलीले goAML Reporting (Technical Session) शीर्षकमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। कार्यपत्र प्रस्तुती पश्चात कार्यक्रममा निर्देशक डा. हरि कुमार नेपालले प्रस्तुतीहरुमा थप प्रकाश पार्नुभएको थियो।

सहभागीहरुले राख्नुभएका जिज्ञासाहरुलाई सम्बोधन गर्दै इकाई प्रमुख/निर्देशक दीर्घ बहादुर रावलले सहभागीहरुलाई धन्यबाद ज्ञापन सहित कार्यक्रम समापन गर्नुभएको थियो। कार्यक्रमको सञ्चालन इकाईका सहायक निर्देशक कमल पौडेलले गर्नुभएको थियो भने कार्यक्रममा सहजीकरण सहायक (सू.प्र.) विवेश पोखरेल तथा प्रधान सहायक रन्जना गोतामेले गर्नुभएको थियो।